राजधानी
# आर्थिक
www.rajdhanidaily.com
बिहीबार २२ असोज २०७७
Thursday 8 October 2020
६

**सुन–चाँदी**



| | |
|---|---|
| छापावाल प्रतितोला | - रू. ९४,१००/- |
| तेजाबी प्रतितोला | - रू. ९३,६००/- |
| चाँदी प्रतितोला | - रू. १,१७५/- |

## होलसेल बिजनेस कम्प्लेक्स 'एनबीटीसी' सञ्चालनमा



**काठमाडौं/रास–** होलसेल बिजनेस कम्प्लेक्स एनबीटीसी अर्थात् नेसनल विजनेस ट्रेड सेन्टर काठमाडौंको कलंकीमा सञ्चालनमा आएको छ। सहकारी अवधारणाअनुरूप यस अत्याधुनिक र सुविधासम्पन्न विजनेस कम्प्लेक्स निर्माण गरिएको हो। यसका मध्यम वर्गीय व्यापारीको विविध समस्याको समाधान गर्ने उद्देश्यका साथ नेसनल बिजनेस ट्रेड सेन्टरको अवधारणा अघि बढाइएको एनबीटीसीका अध्यक्ष नरेन्द्र बज्राचार्यले बताए।

पर्याप्त खुला ठाउँ, पार्किङ, सुरक्षा व्यवस्थापन र व्यवस्थित ट्रान्सपोर्टेसनको सुविधा रहेको सो कम्प्लेक्समा करिब ९ सयवटा पसल सटर रहेका छन्। नेसनल विजनेस ट्रेड सेन्टर एनबीटीसी मिलाल्यान्ड डेम्लप्मेन्ट प्रालिद्वारा प्रवर्द्धित रहेको छ। यो कम्प्लेक्स करिब २२ रोपनीमा फैलिएको हुँदा पर्याप्त खुला ठाउँ रहेका छन्।

आधुनिक कन्सेप्टमा निर्मित सो बिजनेस कम्प्लेक्समा बालकदेखि वृद्धसमेतलाई सामान खरिदका क्रममा थकावट महसुस नहोस् भनी ग्राहक स्वास्थ्यलाई समेत ध्यानमा राखी अत्याधुनिक उपकरण तथा सेवासुविधा जडान गरिएका छन्। बिजनेस कम्प्लेक्समा सामानको ओसारपसार र मानिसको आवतजावतका लागि छुट्टाछुट्टै स्कालेटर र लिफ्टहरू जडान गरिएका छन्। यस होलसेल विजनेस कम्प्लेक्समा २६ वटा अत्याधुनिक स्कालेटर, चारवटा सामान ढुवानी गर्ने कार्गो लिफ्ट र तीनवटा ग्लास लिफ्ट जडान गरीको एनबीटीसीले जनाएको छ।

थर्ड जेनेरेसनलाई टार्गेट गरी सञ्चालनमा ल्याइएको सो विशेष कम्प्लेक्समा तीनवटा सिनेमा हल, करिव १० हजार स्क्वायर फिटका फुड कोर्ट, ६८ हजार स्वाक्यर फिटको कर्पोरेट अफिसलगायतका पूर्वाधार निर्माणका क्रममा रहेको बज्राचार्यले जानकारी दिए।

## विजय लघुवित्तले खप्तड लघुवित्तलाई प्राप्ति गर्ने



**काठमाडौं/रास–** नवलपरासीको गैंडाकोट नगरपालिका-५ मा रजिस्टर्ड कार्यालय भई नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा/'घ'/२६/०६९/०७० मा इजाजत प्राप्त गरी राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको विजय लघुवित्त वित्तीय संस्था लिमिटेडले कैलाली जिल्ला गोदावरी नगरपालिका-१ अत्तरियामा रजिस्टर्ड कार्यालय भई नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने भएको छ। सोसम्बन्धी समझदारीपत्रमा बुधबार हस्ताक्षर भएको छ।

प्राप्तिपछि विजय लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट सञ्चालन हुने, सञ्चालक समितिको अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतसमेत विजय लघुवित्त वित्तीय संस्थाबाट नै रहने र खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट एक जना सञ्चालकले सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सहमति समझदारीपत्रमा गरिएको छ।

सम्पत्ति तथा दायित्वको मूल्यांकनका आधारमा आधार नेटवर्थ गणना गरी सोहीआधारमा सेयर स्वाप अनुपात निर्धारण गरिने दुई पक्षबीच सहमति भएको छ। सहमतिअनुसार पुस मसान्तभित्र प्राप्तिसम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा परी एकीकृत कारोबार सुरु गर्ने लक्ष्य लिइएको छ।

हाल विजय लघुवित्तको चुक्ता पुँजी २२ करोड ४० लाख ३१ हजार ५ सय रहेको छ भने खप्तड लघुवित्तको खप्तड लघुवित्तको चुक्ता पुँजी २ करोड ६८ लाख रहेको छ।

खप्तड लघुवित्तले सर्वसाधारणलाई छुट्याएको १ करोड ३२ लाखबराबरको सेयर एकीकृत कारोबार गरेपश्चात् निष्कासन गरिने बताइएको छ।

## राष्ट्रिय वाणिज्य बैंक र नेसनल बैंकिङ इन्स्टिच्युटबीच सम्झौता




**काठमाडौं/रास–** राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेसनल बैंकिङ इन्स्टिच्युट लिमिटेडबीच बैंकिङ तालिम सञ्चालन गर्नेसम्बन्धी बुधबार सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेसनल बैंकिङ इन्स्टिच्युटका प्रमुख कार्यकारी अधिकृतकुमार लम्सालले हस्ताक्षर गरेका छन्।

सो सम्झौता भएपश्चात् गत वर्षजस्तै चालू आव २०७७/७८ मा राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीको कार्यदक्षता अभिवृद्धिका लागि नेसनल बैंकिङ इन्स्टिच्युटले विभिन्न विषयमा नियमित रूपमा बैंकिङ तालिम प्रदान गर्नेछ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले लिएको उद्देश्य हासिल गर्न नियमित रूपमा कर्मचारीलाई तालिम दिइरहेको बताउँदै तालिमले तालिम लिने व्यक्ति र संस्था दुवैको कार्यदक्षता वृद्धि हुने बताए। इन्स्टिच्युटका प्रमुख कार्यकारी अधिकृत कुमार लम्सालले बैंकिङ क्षेत्रमा राष्ट्रिय वाणिज्य बैंकले कर्मचारीलाई प्राथमिकताका साथ तालिम दिने गरेको बताउँदै तालिमले संस्थाको उत्पादकत्वमा वृद्धि गर्ने बताए।

बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले कार्यक्रमबारे प्रकाश पारेका थिए भने सिकाइ तथा विकास विभागका विभागीय प्रमुख दीपकराज न्यौपानेले कार्यक्रम सञ्चालन गरेका थिए।

सो समारोहमा बैंकका उपकार्यकारी अधिकृत सरस्वती अधिकारी, कम्पनी सचिव भोलानाथ पौडेल, नेसनल बैंकिङ इन्स्टिच्युटका तर्फबाट हेड अफ प्रोग्राम धन थापा, प्रोग्राम म्यानेजर दर्पण श्रेष्ठलगायतको उपस्थिति रहेको थियो।

बैंकको हाल सातै प्रदेश ७७ जिल्लामा २ सय ४१ वटा शाखा कार्यालय, २ सय ५ वटा एटीएम र ९३ वटा शाखारहित बैंकिङ रहेको छ।

NEPALLIFE
नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.
किनकि जीवन अमूल्य छ...
बिमा टिप्स

**बुढेस कालको सहारा कसरी बन्छ ?**

- जति उमेर बढ्दै जान्छ उसको काम गर्ने क्षमता, जाँगर, आम्दानी एकनास हुँदैन। जति उमेर चढ्दै जान्छ काम गर्ने क्षमतामा कमी आउँछ।
- समयमै बिमा गरी बचत गरेमा जोखिम वहन पनि हुने र बिमाबाट आएको रकम बुढेसकालको साहारा हुन सक्छ।

**मेलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भेड्पु, दोलखा**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र संशोधन सम्बन्धी अत्यन्त जरुरी सूचना**

**प्रकाशित मिति : २०७७/०६/२२**

यस कार्यालयबाट मिति २०७७६।१९ (सन् २०२०।१०।०५) गते राजधानी दैनिक पत्रिकामा प्रकाशित सडक निर्माण सम्बन्धी सार्वजनिक वोलपत्र आवहान सूचनाको सि.नं. १ सत्येश्वर मार्ग (सिम्टे देखि थालडाँडा) को **Bill of Quantities** सि.नं. ८ को एकाई (**Unit**) मा **kg** हुनु पर्नेमा भुलवस **Cu.m** हुन गएकोले सम्बन्धित सबैलाई जानकारीको लागि यो संशोधित सूचना प्रकाशित गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खाबाङबगर, रुकुम (पूर्व)**
**लुम्बिनी प्रदेश, नेपाल**

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**(प्रकाशित मिति: २०७७/०६/२३)**

भूमे गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा भूमे गाउँपालिकाको **खानेपानी, सरसफाई तथा रणनीतिक कार्य योजना २०७५** बमोजिम आ.व. ०७७/७८ मा तोकिएका वडा तथा टोलहरुलाई पूर्ण सरसफाई उन्मुख टोल घोषणाका लागि तोकिएका क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि योग्य संघ संस्थाहरुबाट शर्तहरुको अधीनमा रही रीतपूर्वक सिलबन्दी प्रस्तावना पत्र आव्हान गरिएको छ।

**तपसिल:**

१) चालु आर्थिक वर्षका लागि नवीकरण भएको दर्ता प्रमाण पत्र, लेखापरीक्षण र कर चुक्ता भएको प्रमाणपत्र र संस्थागत प्रोफाइलका प्रमाणित प्रतिलिपी संलग्न राखी लिखित निवेदन/पत्र साथ रु. १०००।– (एक हजार मात्र) पछि फिर्ता नहुने गरी तिरी कार्यालयबाट प्रस्तावना पत्र प्राप्त गर्न सकिनेछ।

२) खरिद भएका प्रस्तावना पत्रसाथ नोटरी प्रमाणित कर चुक्ता प्रमाण पत्र, दर्ता नवीकरण प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदन संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनभित्र प्रस्तावना पत्र खरिद गरी १६ औं दिनभित्र दिनको १२:०० बजेभित्र दर्ता गरिसक्नु पर्नेछ। सिलबन्दी प्रस्तावना पत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ।

३) प्रस्तावना पत्र खरिद गर्ने वा खोल्ने दिन सार्वजनिक बिदाको दिन परेमा कार्यालय खुल्ने दिनको पहिलो दिन सोही समय अनुसार हुनेछ।

४) म्याद नाघी र शर्त राखिएको प्रस्तावना पत्र उपर कुनै कारबाही हुने छैन। गाउँपालिकाको समग्र उद्देश्य हासिल र हितलाई ध्यानमा राखी कुनै प्रस्तावना पूर्ण वा आंशिक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार कार्यपालिकालाई हुनेछ।

५) कार्यक्रम सम्बन्धी थप जानकारी तथा छनौट प्रक्रिया, गर्नुपर्ने क्रियाकलाप, काम गर्ने क्षेत्र, न्यूनतम् शर्त सम्बन्धमा थप जानकारीका लागि गाउँ कार्यपालिकाको वेबसाइट www.bhumemun.gov.np वा गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी, सरसफाई तथा रणनीतिक कार्य योजना कार्यान्वयन | १५,००,०००।- | |

**प्रमुख प्रशासकीय अधिकृत**

**पञ्चपुरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**नदिजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७७/०६/२२**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ , को दफा ६२ क. को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरि पञ्चपुरी नगरपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.ब. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरि तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि बोलपत्र प्रकृयामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन मिटर) | न्युनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरोटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| ११. | PM/SKT/NCB/ 077/078-01 | पञ्चपुरी नगरपालिका अन्तर्गत भेरीनदि खोलाबाट नदिजन्य पदार्थहरु(ढुंगा, गिट्टि, बालुवा तथा मिस्कट) उत्खन्न तथा संकलन र बिक्रि बितरण कार्य | ३०५८९।९ | २६९८०२९।१८ | कबोल अंकको ५% | ३०००।- |

शर्तहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/७७ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको नगदी रसिद वा राष्ट्रिय बाणिज्य बैंक विद्यापुर शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता( ग-१.१) नं. ४४२०१००३०१०१०००५ मा नगद जम्मा गरेको बैङ्क भौचर साथ निवेदन पेश गरि यो सूचना प्रथम पटक प्रकासन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजस्व शाखामा नगदै बुझाएको नगदि रसिद वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्ने छ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ । बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफुले कबोल गरेको अंकको ५% प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क विद्यापुर शाखामा रहेको धरौटी खाता नं. ४४२०१००३०३००००५ मा जम्मा गरि सोको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खामसाथ पेश गर्नु पर्नेछ ।

२. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहि छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना , फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र यस कार्यालयकमा हार्डकपी दर्ता गर्नु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यलय खुलेको दिनमा गरिनेछ ।

४. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगतगर्न वा यस कार्यालयमा सम्पर्कराख्न सकिनेछ । म्याद नाघी,रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्न वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाण पत्र लिई कबोल अंकको प्रथम किस्ताबापत ५०% प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापत २५% प्रतिशतले हुने(२०७७ साल माघ मसान्त भित्र) र तेस्रो किस्ताबापत २५% प्रतिशतले हुने (२०७८ साल जेष्ठ मसान्त भित्र) रकम नेपाल राष्ट्र बैंक बाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०७८ साल भाद्र मसान्त सम्म म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमाअनुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

६. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटि रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस पञ्चपुरी नगरपालिकाका नदि तथा नदिहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन २०७४, सम्बन्धीत स्थानीय तहबाट जारी कानून, प्रदेश कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्यन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

**(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको website www.panchapurimun.gov.np) मा समेत हेर्न सकिन्छ ।**

**नि.प्रमुख प्रशासकिय अधिकृत**

C M Y K